# आकाशवाणी समाचार- नेपाली

मितिः १५ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले भारत विश्वको स्वास्थ्य सेवा केन्द्रमा परिणत भएको बताउनु भएको छ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले सरकारले बर्ष २०४७ सम्ममा विकसित राष्ट्र बन्ने लक्ष्य राखेको बताउनु भएको छ ।
- विदेशमन्त्री एस. जयशंकरले चीनद्वारा जलविज्ञान तथ्याङ्कको प्रावधान सहित सीमापार नदीहरूमा सहयोगको आवश्यकतामा जोड दिनुभएको छ।
- वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले एक जिल्ला एक उत्पाद अन्तर्गत पहिलो पटक निर्यात गर्ने र नयाँ बजारलाई बढावा दिन सरकारले नयाँ दिशानिर्देश जारी गर्ने बताउनु भएको छ।
- मौसम विभागले आज देशको उत्तरपश्चिमी, पूर्वी र मध्य भागमा धेरै भारी वर्षा हुने संभावना व्यक्त गरेको छ।

**राष्ट्रपति द्रौपदी मुर्मु-स्वस्थ्य**

राष्ट्रपति द्रौपदी मुर्मुले भारत विश्वको स्वास्थ्य सेवा केन्द्रमा परिणत भएको बताउनु भएको छ। उहाँले भन्नुभयो -यो एम्सले धेरै उचित मूल्यमा प्रदान गर्ने उत्तम गुणस्तरको उपचारका कारण सम्भव भएको हो। हिज ओडिशाको भुवनेश्वरस्थित एम्सको दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति मुर्मुले भन्नू भयो देश र विश्वभरिका बिरामीहरू यी संस्थाहरूमा उपचारका लागि आउँदैछन्।राष्ट्रपति मुर्मुले समाजमा डिप्रेसन र मोटोपनको बढ्दो घटनाहरूप्रति चिन्ता व्यक्त गर्नुभएको छ। उहाले डाक्टरहरूलाई नियमित योग, प्राणायाम र स्वस्थ खानपानसँगै राम्रो जीवनशैलीका लागि बिरामीहरूलाई परामर्श दिन आग्रह गर्नुभएको छ।

1-Byte-द्रौपदी मुर्मु

**राष्ट्रपति द्रौपदी मुर्मु - ओडिशा**

राष्ट्रपति द्रौपदी मुर्मू आज कटकको रेभेनशा विश्वविद्यालयको १३ औं दीक्षान्त समारोहमा भाग लिनुहुनेछ अनि रेभेनशा कन्या उच्च विद्यालयको तीन भवनहरूको पुनर्बिकास को शिलान्यास गर्नुहुनेछ। उहाँ आदिकवि सरला दासको जन्मजयन्ती समारोहमा पनि उपस्थित रहनुहुनेछ । राष्ट्रपति मुर्मुले कटकमा बर्ष २०२४ का लागि कलिंग रत्न पुरस्कार पनि प्रदान गर्नुहुनेछ।

**केन्द्रीय गृहमन्त्री**

केन्द्रीय गृहमन्त्री अमित शाहले सरकारले बर्ष २०४७ सम्ममा विकसित राष्ट्र बन्ने लक्ष्य राखेको बताउनु भएको छ । उहाँले भन्नुभएको छ -प्रधानमन्त्री नरेन्द्र मोदीले देशको समृद्ध सम्पदामा गर्व गर्न र कर्तव्यबोध निर्माण गर्न आग्रह गर्नुभएको छ । हिज नयाँ दिल्लीमा आयोजित भारत विकास परिषद्को ६३ औं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै गृहमन्त्री श्री शाहले यस्तो मन्तब्य पोख्नु भएको हो ।

2-Byte-अमित शाह

**Axiom-4 मिसन**

Axiom-4 मिसनमा गएका भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र उनका अन्य तीन सहकर्मीहरू पृथ्वीमा फर्कने यात्रामा छन्।स्पेसएक्स कम्पनीले क्रू क्याप्सुल ड्रयागन अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट लगभग हिज ४:४५ बजे अलग भएको बताएको छ। अन्तरिक्ष यान आज  दिउँसो लगभग ३ बजे क्यालिफोर्नियाको तटमा अवतरण गर्नेछ।

**विदेशमन्त्री-चीन**

विदेशमन्त्री डाक्टर एस जयशंकर आज चीनको तियानजिन शहरमा हुने संघाईसहयोगसंगठन  एस.सी.ओ का विदेशमन्त्री हरूको बैठकमा भागलिनुहुनेछ ।श्री  जयशंकर दुई दिवशीय  चीन भ्रमणको  लागि बेइजिङ पुग्नुभएकोछ । विदेशमन्त्रीहरूले विभिन्न क्षेत्रमा एससीओ सहयोगका साथै प्रमुख अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मुद्दाहरूमा विचार आदानप्रदान गर्नुहुनेछ  । विदेशमन्त्री  एस. जयशंकरले चीनद्वारा जलविज्ञान तथ्याङ्कको प्रावधान सहित सीमापार नदीहरूमा सहयोगको आवश्यकतामा जोड दिनुभएको छ । उहाले हिज  बेइजिङमा चिन का  विदेशमन्त्री वाङ यीसँग भेट गर्नु भयो । विदेशमन्त्री श्री जयशंकरले सीमामा शान्ति र स्थिरताको सकारात्मक प्रभाव र द्विपक्षीय सम्बन्ध सुधार गर्न तनाव कम गर्न र सीमा प्रबन्धन  गर्न निरन्तर प्रयासहरूको  उल्लेख गर्नुभयो।

3-Byte विदेशमन्त्री एस जयशंकर

**केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता राज्यमन्त्री-उद्घाटन**

केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता राज्यमन्त्री बीएल वर्माले आज उत्तर प्रदेशको बदायूंमा ७५ औं प्रधानमन्त्री दिव्याशा केन्द्रको उद्घाटन गर्नुहुनेछ । सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै बदायूंमा नवस्थापित पी.एम.डी.के.ले ए.डी.आई.पी योजना र राष्ट्रिय वयोश्री योजना अन्तर्गत दिव्यांगजन र ज्येष्ठ नागरिकहरूका लागि सहायक उपकरण र सुबिधाहरू प्रदान गर्ने बताएको छ। प्रधानमन्त्री दिव्याशा केन्द्र एक अद्वितीय पहल हो जसको उद्देश्य योग्य दिव्यांगजन र वृद्ध लाभार्थीहरूको लागि मूल्यांकन, परामर्श, वितरण र पछिको हेरचाह सहित एकै छाना मुनि एकीकृत सेवाहरू प्रदान गर्नु रहेको छ ।

**वाणिज्य और उद्योग मंत्री पीयूष गोयल**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले एक जिल्ला एक उत्पाद अन्तर्गत पहिलो पटक निर्यात गर्ने र नयाँ बजारलाई बढावा दिन सरकारले नयाँ दिशानिर्देश जारी गर्ने बताउनु भएको छ । उहाँले  भन्नुभएको छ -भारतको विशाल घरेलू बजार छ र विकसित देशहरूसँग आधुनिक व्यापार व्यवस्थामा प्रवेश गर्न जारी राख्नेछ। नयाँ दिल्लीमा आयोजित हि राष्ट्रिय एक जिल्ला एक उत्पादन पुरस्कार–२०२४ समारोहलाई सम्बोधन गर्नुहुदै उहाँले यस आशयको जानकारी दिनुभएको छ  ।

**केन्द्रीय सडक परिवहन  तथा राजमार्ग**

केन्द्रीय सडक परिवहन  तथा राजमार्ग मन्त्री नितिन गडकरीले हिज कर्नाटकको शिवमोगा जिल्लाको सागर तालुकमा शरावती ब्याकवाटरमा भारतको दोस्रो सबैभन्दा लामो केबल-स्टे सिगन्दुर पुलको उद्घाटन गर्नुभयो । ४७० करोड रुपियाँ भन्दा अधिक लागतमा निर्माण गरिएको यो पुलले सागरा शहरदेखि प्रसिद्ध चौदेश्वरी मन्दिर रहेको सिगण्डुरसम्मको दूरी लाई कम गर्नेछ  ।

**ग्रामीण विकास राज्य मंत्री पेम्मासानी चंद्रशेखर - विकसित भारत**

ग्रामीण विकास राज्यमन्त्री पेम्मासानी चन्द्रशेखरले बर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न सबै गाउँहरुलाई बिकसित गर्ने  आह्वान गर्नुभएको छ । हिज नयाँ दिल्लीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुदै उहाँले सरकारले योजनाहरू कार्यान्वयन गर्ने मात्र नभई भारतको विकासको गाथाको अर्को अध्याय पनि लेखिरहेको बताउनु भएको छ ।

**केन्द्रीय श्रम तथा रोजगारमन्त्री डा मनसुख माण्डविया**

केन्द्रीय श्रम तथा रोजगारमन्त्री डा मनसुख माण्डवियाले हिज  नयाँ दिल्लीमा राज्यका श्रममन्त्री र राज्यमन्त्रीहरूसँग भर्चुअल उच्चस्तरीय बैठक गर्नुभयो  । बैठकको उद्देश्य कार्यान्वयन मोडालिटीहरूमा चर्चा  गर्नु र रोजगार लिंक्ड प्रोत्साहन  ई.एल.आई. योजनाको प्रभावकारी रोलआउटको लागि सहयोगी रणनीतिहरूको खोजी गर्नु रहेको थियो। बैठकलाई सम्बोधन गर्नुहुदै , डा. मंडावियाले भन्नुभयो - ई.एल.आई. योजनाले आत्मनिर्भर भारत निर्माणको दिशामा पी.एल.आई योजना पछि दोस्रो चरणको प्रतिनिधित्व गर्दछ।

## निर्वाचन आयोग

निर्वाचन आयोगले भनेको छ कि विशेष गहन संशोधन अन्तर्गत, बिहारमा हालसम्म ६ करोड ६० लाखभन्दा अधिक गणना फारमहरू बुझाइएको छ, जुन कुल गणना फारमहरूको ८३.६६ प्रतिशत हो। आयोगले भनेको छ , अब केवल ११.८२ प्रतिशत मतदाताहरूले आफ्नो भरिएको गणना फारमहरू बुझाउन बाँकी छन्।

## युवा मामिला मन्त्रालय

युवा मामिला मन्त्रालयले आगामी १८ जुलाई देखि वाराणसीमा तीन दिने युवा आध्यात्मिक शिखर सम्मेलन, नशा मुक्त युवाको आयोजना गर्दैछ। सम्मेलनको मुख्य उद्देश्य युवा नेतृत्वको लागु पदार्थ मुक्त पहलका लागि व्यापक राष्ट्रिय रणनीति विकास गर्नु रहेको छ । केन्द्रीय युवा मामिला मन्त्री डा मनसुख माण्डवियाले हिज नयाँ दिल्लीमा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै देशभरिका एक सय आध्यात्मिक संस्थाका लगभग पाँच सय युवा प्रतिनिधिहरू आध्यात्मिक शिखर सम्मेलनमा भाग लिने जानकारी दिनुभएको छ । उहाँले सम्मेलनले युवा नेतृत्वको लागु पदार्थ मुक्त आन्दोलनका लागि मार्ग प्रशस्त गर्ने बताउनु भएको छ

## मौसम

मौसम विभागले आज देशको उत्तरपश्चिमी, पूर्वी र मध्य भागमा धेरै भारी वर्षा हुने संभावना व्यक्त गरेको छ। छत्तीसगढ, राजस्थान, ओडिशा, पश्चिम बंगालको गङ्गा क्षेत्र र झारखण्डमा आगामी दुई दिनमा भारी वर्षा हुने सम्भावना रहेको छ। अण्डमान-निकोबार, अरुणाचल प्रदेश, पूर्वी उत्तर प्रदेश, गुजरात, जम्मू कश्मीर, लद्दाख र मध्य प्रदेशमा पनि भोलि भारी वर्षा हुन सक्ने मौसम बिभागले सम्भावना व्यक्त गरेको छ ।

****** ० ******